| कार्यविधि संख्या :- | ००८ |
|---|---|

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

| | |
|---|---|
| नगर कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७५/११/०३ |
| प्रमाणीकरण मिति : | २०७५/११/०५ |
| स्थानीय राजपत्रमा प्रकाशित मिति : | २०७५/११/१९ |

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**खोटाङ**

**१ नं प्रदेश**

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :-**

वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाई र फोहरमैला व्यवस्थापन भएकोले तिव्ररुपमा बढीरहेको जनसंख्या तथा अव्यवस्थित बजारी/शहरीकरणका कारण नगर भित्रको बजार तथा ग्रामीण क्षेत्रमा समेत फोहरमैलाको उत्पादन तीब्र गतिमा बढोत्तरी भई सरसफाई र फोहरमैला व्यवस्थापन चुनौतिपूर्ण बन्दै गईरहेको, जसको कारण पर्यावरणीय क्षयीकरण, प्रदुषण तथा प्राकृतिक साथै साँस्कृतिक सम्पदाहरु समेत विनासको बाटोमा गईरहेका जस्तै बजार, सडक किनारा, मन्दिर, शिक्षण संस्थाहरु, अस्पताल, व्यापारिक तथा निजीघर परिसरमा खुल्ला फोहरमैला फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुको साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने र विभिन्न प्रकारका प्रकोपजन्य जोखिमहरुवाट पीडित बन्ने खतरा बढ्दै गएको हुँदा सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गर्न, फोहरमैलालाई श्रोतमा न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन वा विर्सजन गरी नगरपालिकालाई स्वच्छ र हराभरा बनाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (झ) को (७) र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) ले दिएको अधिकार प्रयोग गरी यो सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यविधि, २०७५ बनाई जारी गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेकोछ ।

(२) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको नगरपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) "विषयगत शाखा" भन्नाले नगरपालिकाको कार्य विभाजन नियमावली २०७४ बमोजिमको विषयगत शाखालाई सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले कार्य सम्पादन नियमावलीको नियम १५ बमोजिमका कार्यपालिकाका समितिहरुलाई सम्झनु पर्छ।

(ञ) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका सम्झनु पर्छ।

(ट) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ठ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकि दिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ड) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्कासित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(ढ) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(ण) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु—स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ ।

**३. व्यवस्थापन समितिको गठन** : (१) नगर भित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न नगरपालिकामा देहाय अनुसारको १५ सदस्यीय फोहरमैला व्यवस्थापन समिति गठन गरिनेछ ।

क) नगर प्रमुख — अध्यक्ष
ख) नगरपालिकाले मनोनयन गरेका कार्यपालिका महिला सहित सदस्य ३ जना — सदस्य
ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य
घ) बातावरण क्षेत्रका अनुभवी प्रवुद्ध व्यक्तिबाट नगर प्रमुखले तोकेका १ जना — सदस्य
ङ) प्रतिनिधि उद्योग वाणिज्य संघ — सदस्य
च) प्रतिनिधि गैसस महासंघ — सदस्य
छ) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि — सदस्य
ज) प्रतिनिधि खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय — सदस्य
झ) फोहरमैला व्यवस्थापन क्षेत्र प्रभावित क्षेत्रका बासिन्दा — सदस्य
ञ) फोहर संकलन गरिने क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला सहित २ जना — सदस्य
ट) बातावरण, विपद् तथा फोहरमैला व्यबस्थापन समितिको संयोजक — सदस्य
ठ) नगर प्रमुख वा निजले तोकेको नगरपालिकाको कर्मचारी — सदस्य सचिव

(२) व्यवस्थापन समितिको बैठक सामान्यतया २ महिनामा एकपटक बस्नेछ। बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ। आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

(३) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ। बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

**४. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-**

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) फोहरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(घ) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाई युक्त क्षेत्र वनाउन वडास्तर र नगरस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्ने।

(ङ) फोहरलाई श्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आबश्यक पहल गर्ने।

(च) वर्गीकृत फोहरमध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(छ) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(ज) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनको संभाव्यता अध्ययन गर्ने ।

(झ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(ञ) ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(ट) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(ठ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्ने ।

(ड) ल्याण्डफिल साइटलाई प्रदुषणशुन्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ढ) जैविक फोहरबाट उर्जा, कम्पोष्ट, बायोग्यास एवं मल बनाउने तथा प्लास्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(ण) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(त) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

(थ) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(द) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ध) स्थानीय सरकार सञ्चालन ऐन २०७४, फोहरमैला व्यवस्थापन ऐन २०६८ र वातावरण संरक्षण ऐन २०५३ र वातावरणसंग सम्वन्धित अन्य ऐन नियमबाट प्रदत्त वातावरणसँग संबन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

(न) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

(प) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने जनशक्तिको व्यबस्थापन गर्न वडासँग समन्वय गर्ने ।

**५. फोहरमैला कम उत्पादन गर्ने:**

(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२). आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : “आफ्नो क्षेत्र” भन्नाले निजी घर कम्पाउण्ड, सरकारी कार्यालयको कम्पाउण्ड परिसर, गैर सरकारी संघ संस्थाको कार्यालय कम्पाउण्ड परिसर, बस पार्क परिसर, होटल परिसर, मासु पसल परिसर, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर, हाट बजार लाग्ने क्षेत्र परिसर, लगायत फोहरमैला उत्पादन गर्न्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

**६. फोहरमैलाको पृथकीकरण :**

(१) नगरपालिकाले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्यउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए अनुसार फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकासँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

**७. फोहरमैलाको निष्काशन:**

(१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिका वा सम्वन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला छुट्टा छुट्टै व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइनेछैन ।

**८. सेवा शुल्क उठाउन सक्ने:**

(१) नगरपालिका वा सम्वन्धित वडाले फोहरमैला व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति, संस्था वा निकायले नगरपालिका वा सम्वन्धित वडावाट तोकिएको शुल्क तिरी फोहरमैला व्यवस्थापनको संकलन सदस्यता अनिवार्य लिएको हुनु पर्नेछ । सदस्य नभएको व्यक्ति संस्था वा निकायको फोहरमैला व्यवस्थापन गरिने छैन ।

(२) नगरपालिका वा सम्वन्धित वडाले फोहरमैला व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति, संस्था वा निकाय नगरपालिका वा सम्वन्धित वडाले अनुसूची १ बमोजिम सदस्यता शुल्क र मासिक रुपमा सेवा शुल्क लगाई उठाउनेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिका वा सम्वन्धित वडाले गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका वा सम्वन्धित वडा आफैंले वा तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम १५ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिका वा सम्वन्धित वडासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्ग तथा संघ संस्था र कार्यालयलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट तथा निशुल्क दिन सकिनेछ ।

(६) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले सर्वसञ्चित कोषमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नेछ ।

**९. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने:**

(१) नगरपालिकाले दफा ८ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र नगरपालिका वा सम्वन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा ८ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिका वा सम्वन्धित वडालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा ८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजको एकिकृत सम्पत्तीकर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा ८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

**१०. कसूरः**

कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछः—

(क) नगरपालिका वा सम्वन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिका वा सम्वन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन, २०६८ दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्न्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने,

(न) चाउचाउ, चकलेट, जंक फूड, चुरोट तथा सुर्तिजन्य (पान, पराग, गुटका आदि) र फलफूलका खोल, वोक्रा जस्ता बस्तुको फोहर जथाभावी फाल्ने।

**११. सजाय:**

(१) दफा १० को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए फोहरको प्रकृती अनुसार रु. पाँच सय देखी रु. एक हजारसम्म, दोस्रो पटक सोही कसूर गरेमा रु. एक हजार देखी रु. दुई हजार पाँच सयसम्म, सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा रु. दुई हजार पाँच सय देखी रु. पाँच हजारसम्म जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ।

(२) दफा १० को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पाँच सय रुपैयाँ देखि तीन हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा १० को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा १० को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(५) दफा १० को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा १० को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(७) दफा १० को खण्ड (ज) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा १० को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(९) दफा १० को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरप्रमुखले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना सजाय गर्न सक्नेछ।

(१०) दफा १० को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरप्रमुखले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा फोहरमैला व्यबस्थापन ऐन, २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(११) दफा १० को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले प्र्त्येक पटक तत्कालै एक सय रुपैयाँ जरिबाना गर्न सक्नेछ सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ।

**१२. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने:**

(१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि नगरपालिका वा सम्वन्धित वडाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**१३. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन:**

(१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

**१४. रासायनिक विषादी सम्बन्धी व्यवस्था:**

(१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**१५. पुरस्कार दिन सकिनेः**

(१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिका वा सम्वन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरकार्यपालिका वा सम्वन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ। उजुरी कर्ताको नाम नगरकार्यपालिकाले गोप्य राख्नेछ।

**१६. फिल्डमा हाजिर गर्नेः**

(१) नगरकार्यपालिकाले फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन अनुसुचि (२) बमोजिमको ढाँचामा फोहरमैला व्यवस्थापन शाखा प्रमुखले प्रत्येक महिनामा भए गरेको कार्यहरूको अभिलेख राखी फोहरमैला व्यबस्थापन कार्यको अनुसूची २ बमोजिम प्रतिवेदन स्थलगत निरीक्षण गरी मासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिबेदनका आधारमा सफाई कर्मचारी नियमित भए नभएको, आफ्नो जिम्मेवारी वमोजिमको कामकाज गरे नगरेको र निजको हाजिर वा गयलको विवरण प्रमुख प्रशासकीय अधिकृतबाट अध्यावधिकका लागि प्रशासन शाखालाई निर्देशन दिनुपर्नेछ ।

**१७. विविधः**

(१) यस कार्यविधि संशोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाको वैठकबाट गर्न सकिनेछ ।

(२) यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

(३) यस कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित कानून तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ संग बाझिएको हद सम्म स्वतः निस्कृय हुनेछ ।

**१८. खारेजी र बचाउः**

यस भन्दा अगाडी सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी नगर कार्यपालिकामा भएका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

## अनुसूची -१
## मासिक शुल्क विवरण

| क्र. सं. | विवरण | शुल्क दर रु. |
|---|---|---|
| १ | सदस्यता शुल्क | ५००।०० |
| २ | एक परिवार वस्ने घर | १५०।०० |
| ३ | दुई परिवार वा सो भन्दा माथि परिवार वस्ने घर (थप) | ५०।०० |
| ४ | कस्मेटीक, लत्ता कपडा पसल व्यवसाय | १५०।०० |
| ५ | किराना, खाद्यान्न, फेन्सी पसल व्यवसाय आदी | २००।०० |
| ६ | चिया, कफि, केक तथा बेकरी पसल | २००।०० |
| ७ | तरकारी, फलफूल, तथा जुस पसल | १५०।०० |
| ८ | सैलुन, ब्यूटी पार्लर, फोटोकपि व्यवसाय तथा औषधी पसल | २००।०० |
| ९ | औषधी पसल ल्याव सहित | ५००।०० |
| १० | मासु पसल | ३००।०० |
| ११ | होटल लज सहित मदिराजन्य वस्तु बेचविखन गर्ने | ५००।०० |
| १२ | होटल चिया नास्ता मात्र | २००।०० |
| १३ | हार्डवेयर पसल | ५००।०० |
| १४ | निजि स्कूल | ५००।०० |
| १५ | बैंकहरु | ५००।०० |
| १६ | हाईभिजनहलहरु | ५००।०० |
| १७ | सुपर स्टोर | ५००।०० |
| १८ | गाडी तथा मोटरसाईकल ग्यारेज | ५००।०० |
| १९ | बसपार्क तथा जिपपार्क | ५००।०० |
| २० | उद्योग कलकारखाना | ५००।०० |
| २१ | पार्टी प्यालेस/भोज आयोजना स्थल | ५००।०० |
| २२ | अस्पाताल, नर्सिङहोम (चिकित्साजन्य हानीकारक फोहोर उत्पादन गर्ने) | ५००।०० |
| २३ | पोल्ट्री फर्म | ५००।०० |
| २४ | मेला तथा महोत्सव प्रति स्टल | ५००।०० |
| २५ | स्टेशनरी पसल | २००।०० |
| २६ | छापाखाना | ४००।०० |
| २७ | फ्लेक्स प्रिन्ट/ आर्ट सेन्टर | २००।०० |
| २८ | सुन चांदी पसल | १५०।०० |

नोट: उपर्युक्त शुल्क मिति २०७५ माघ १ देखी लागु हुने छ ।

### अनुसुची (२)

### (फोहरमैला व्यबस्थापन कार्यविधि २०७५ को नियम १६ संग सम्वन्धित)

मिति..............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू<br>
दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय,<br>
दिक्तेल, खोटाङ्ग।

**विषयः नगर सफाईको मासिक प्रतिवेदन।**

उपयुक्त सम्बन्धमा .. . . . . . . . . . .. . महिनाको नगर सफाई कार्यको कर्मचारीहरुको हाजिरी सहित मासिक प्रतिबेदन विवरण निम्नानुसार तयार गरी पेश गरेको व्यहोरा सादर अनुरोध छ ।

| सि.नं. | टोल | काम गर्ने स्वीपर/लेवरको नाम | मासिक सफाई कार्य | | तोकिएको स्थानमा ढलको व्यवस्था | | | | कैफियत (विशेष निर्देशन भएको भए उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | झाडु | | सन्तोषजनक | | | आएको | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | *जम्मा गयल* | | *मरेको पशुः* | *संख्या :* | | *प्राप्त भएका गुनासाहरूः* | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | *जना:* | | | | | | | | |
| | *जम्मा हाजिरी जना :* | | *मरेको कुकुर :* | *संख्या :* | *गुनासोको संक्षिप्त विवरण* | *फोन नं.* | *नाम* | | |
| *अन्य काममा लगाएको कर्मचारीको संख्या विवरण* | | | | | | | | | |
| *कामको विवरण* | | *कर्मचारीको संख्या* | *कामको विवरण* | *कर्मचारीको संख्या* | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

पेश गर्ने